बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**बेलबारी, मोरङ**

**१ नं. प्रदेश**

**आन्तरिक स्रोत असुली सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

पाँचौ प्रकाशित मितिः २०७९/०७/१८

बेलबारी नगरपालिकाको तपशिल बमोजिमका हाटबजार कर, स्थानीय पूर्वाधार शूल्क, कवाडी, पार्किङ्ग शुल्क अशुली गर्न आगामी आ.व. २०७९/८० का लागि ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकोले ईजाजतप्राप्त इच्छुक कम्पनी/फर्महरुले रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

| सि.नं. | ठेक्काको नाम | ठेक्का नं. | न्यूनतम अंक रु. (भ्याट बाहेक) | फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेलबारी नगरपालिका वडा नं. ३ मा लाग्ने मवेशी हाटको पशु हाटबजार कर असुली | BM/MOR/S/NCB-01-2078/79 | १५,००,०००/- | १,०००/- | सूचनामा तोकीएको समयावधी भित्र नगरपालिका बाट Bid document नियमानुसार खरिद गर्न सकिनेछ । |
| २ | बेलबारी – १ मा लाग्ने सोमबारे र बालबारी - २ मा लाग्ने शुक्रबारे हाटकर संकलन | BM/MOR/S/SQ-01-03-04-05-2078/79 | ११,५०,०००/- | १०००।- | |
| ३ | सिशौबारी फडानी भलुवा लोहन्द्रा खोला बेलबारी सडक स्थानीय पूर्वाधार शूल्क | | | | |
| ४ | कवाडी शूल्क असुली | | | | |
| ५ | पार्किङ शुल्क असुली (मालपोत र नापी क्षेत्र) | | | | |

नोट : एकभन्दा बढी ठेक्का प्रकृयामा सहभागी हुन चाहाने दरभाउपत्रदाताले प्रत्येक ठेक्काको छुट्टाछुट्टै नियमानुसार पेस गर्नुपर्नेछ ।

<u>शर्तहरुः</u>

१. दरभाउपत्र फारम दस्तुर रकम बेलबारी नगरपालिकाको आन्तरीक राजश्व खाताको खाता नं. २४३०१००३०१०१०००२ मा उल्लिखित रकम जम्मा गरेको राजस्व भौचर र सो सँग सम्बन्धित कागजातहरु बेलबारी नगरपालिकाको राजश्व उपशाखाबाट उपलब्ध गराईनेछ । दरभाउपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी छुट्टाछुट्टै पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र मिति २०७९।०७।२० गते कार्यलय समयभित्र खरिद गर्न सकिनेछ । साथै खरिद भएको दरभाउपत्रको हकमा मिति २०७९।०७।२१ गते दिनमा १२:०० बजे सम्म कार्यालयमा दर्ता गरि सिलबन्दी रूपमा कार्यालयमा पेश गरिसक्नुपर्नेछ र सोही दिनको ०२:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा दरभाउपत्रहरू खोलिनेछ । दरभाउपत्रखोल्ने समयमा दरभाउपत्रपदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै पनि वाधा पर्नेछैन ।

३. दरभाउपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम तोकिएको खातमा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट दरभाउपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्रदाताको हकमा कम्तिमा ९० दिन म्याद भएको रितपूर्बकको दरभाउपत्र जमानत पत्र (बिड बण्ड) साथै दरभाउपत्रदाताले दरभाउपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७८/०७९ सम्मको कर तिरेको प्रतिलिपि वा म्याद थप र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात सिलबन्दी रूपमा पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र स्वीकृत पश्चात पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा दरभाउपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी दरभाउपत्र स्वीकृत भएको दरभाउपत्रदातालाई कालोसूचीमा राखिनेछ।

५. दरभाउपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको मात्र १० प्रतिशत सम्म छुट दिन सकिनेछ । १३ प्रतिशत मु.क.कर र १.५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन ।

बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

## १ नं. प्रदेश

उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी / गराई बेलबारी नगरपालिकाको विभाज्य कोष खाता नं. २४३०१००३०६०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

६. किस्तामा बुझाउन चाहाने दरभाउपत्रदाताहको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण कर वाहेक) को ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत २०७९ फाल्गुण मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०७९ चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय कर रकम दरभाउपत्रदाताले सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा दरभाउपत्रदाताले ठेक्का सम्भौता पछी बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" बर्गको बैंकबाट २०८० श्रावण मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०७९ चैत्र १ गते निज कबोलकर्ताले पेश गरेको बैक ग्यारेन्टी जफत गरी असुल उपर गर्न सकिनेछ ।

७. ठेक्काको अबधि सम्झौता अबधि देखि २०८० असार मसान्त सम्मको लागि मात्र हुनेछ ।

८. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

९. कर तथा सेवा शुल्क नगरपालिकाले तोके बमोजिमको दररेटमा अशुल गर्नु पर्नेछ ।अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।

१०. कर/शुल्क उठाउँदा प्रयोग हुने रसिद नगरपालिकाले तोके बमोजिमको ढाँचामा ठेकेदार आफैले छपाई नगरपालिकाको रसिद नियन्त्रण खातामा दाखिला गरी आवश्यकताका आधारमा माग गरी प्रमाणित गराई प्रयोग गर्नु पर्नछ।

११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१२. दरभाउपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१३. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।

१४. दरभाउपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको आन्तरिक स्रोत असुलि सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर दरभाउपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो दरभाउपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

१५. नगरपालिकाले यस प्रकृयामा भाग लिएका दरभाउपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने दरभाउपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित दरभाउपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका दरभाउपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम कबोल गर्ने दरभाउपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो दरभाउपत्रदाता र अधिकतम कबोल गर्ने दरभाउपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने दरभाउपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१६. ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्च दरभाउपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

१७. दरभाउपत्रदाताले आफ्नो खर्चमा आय संकलन स्थलहरुको भ्रमण गर्न सक्नेछन् ।

१८. दरभाउपत्र कागजातमा वा दरभाउपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१९. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२०. दरभाउपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ

१ नं. प्रदेश

२१. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२२. यस प्रकृयामा सहभागीहुने दरभाउपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२३. माथि उल्लेखित शर्तहरुको थप प्रष्ठिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ । थप जानकारीका लागि ०२१-४३४२५९, belbarimunmorang@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

**अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु**

१. दरभाउपत्र पेश गरेको पत्र,

२. स्वघोषणा पत्र,

३. दरभाउपत्र बुझाउनका लागि दिईएको अख्तियारिनामा,

४. दरभाउपत्र खरिद गरेको सक्कलै प्रति रसिद,

५. बैंक जमानत रकम बैंक दाखिला गरेको भौचर वा बैंक ग्यारेन्टिको सक्कलै प्रति,

६. व्यवासय दर्ता प्रमाणपत्र

७. स्थायी लेखा दर्ता प्रमाणपत्र

८. २०७९।८० को करचुक्ता वा म्याद थप भएको प्रमाण।

९. कार्यालयबाट प्रदान गरिएको BoQ मा आवश्यक विवरण भरिएको कागजात ।

प्रमुख प्रशासकीय अधिकृत